आर्थिक विकासले मात्र प्रजातान्त्रिक प्रणालीको स्थायित्व सम्भव

न्यूयोर्क, ३ असोज : प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आर्थिक क्षेत्रको विकासले मात्र प्रजातन्त्रको स्थायित्व सम्भव हुने बताएका छन् । उनले नागरिकको जीवनस्तर उकास्न भोकमरीविरूद्धको अभियान र प्रजातन्त्रको दिगो विकासका लागि बेरोजगारी न्यूनीकरण अपरिहार्य भएको उल्लेख गरे ।

संयुक्त राष्ट्र संघको ७८औं महासभामा भाग लिन न्यूयोर्क आएका प्रधानमन्त्री दाहालले अमेरिकी विदेशमन्त्री एन्थोनी ब्लिङ्केन र अमेरिकी सहयोग नियोग (युएसएआइडी)का प्रमुख प्रशासक सामन्था पावरले आयोजना गरिएको 'डेमोक्रेसी डेलिभर्स' विषयक सम्मेलनलाई सम्बोधन गर्दै भने, 'नेपालको इतिहास नागरिकको संघर्ष र योगदानका आधारमा निर्मित छ, यस्तो संघर्ष स्वतन्त्रता, न्यायिक अधिकार, समानता र सशक्तीकरणका लागि भएको थियो ।'

नेपालले २००७ सालमा सम्पन्न गरेको जहानियाँ राणाशासन र २०४६ सालको प्रजातन्त्रको लडाइँको स्मरण गर्दै उनले भने, 'नेपालको इतिहास जहानियाँ शासनविरूद्धको आन्दोलन सन् १९५० देखि सुरू भएको हो । त्यो सन् १९९० मा थप सशक्तरूपमा देखापरेको थियो ।'

प्रधानमन्त्री दाहालले नेपालमा १० वर्ष लामो सशस्त्र विद्रोह सन् १९९६ देखि २००६ सम्म जारी रहेको र नागरिकको भद्र आन्दोलन सन् २००६ मा सम्पन्न भएर राजाको प्रत्यक्ष शासनलाई अन्त्य गरेको बताए । 'हामी प्रजातान्त्रिक र समावेशी संविधान २०७२ मा जारी गर्न सफल भएका छौं । यो हाम्रा लागि कोसेढुङ्गा सावित भएको छ', उनले भने ।

प्रधानमन्त्री दाहालले २०७२ सालको संविधानले आवधिक निर्वाचन, शक्ति पृथकीकरण, सन्तुलित समाज, स्वतन्त्र न्यायपालिका, मानव अधिकारको संरक्षण र संवर्द्धन तथा नागरिकका मूलभूत अधिकारजस्ता विषय निर्दिष्ट गरेको स्पष्ट पारे ।

उनले स्वतन्त्र प्रेस, समावेशी सहभागिता, व्यक्तिगत अधिकार, सामाजिक न्याय, कानुनी राजजस्ता विषय संविधानको मुख्य विशेषता भएको उल्लेख गरे । प्रधानमन्त्रीले भने, 'नेपालले पूर्णरूपमा समावेशी, सहभागितामूलक सिद्धान्तमा आधारित समाज निर्माणका लागि पूर्ण प्रतिबद्धता जाहेर गरेको छ । नेपालको संविधानले महिला, अल्पसंख्यक र समावेशी सहभागितालाई महत्वपूर्ण अधिकार दिएको छ ।"

'नेपालले गतवर्ष सम्पन्न गरेको स्थानीय तहको निर्वाचनमा ४१ प्रतिशत महिला निर्वाचित गराउन सफल भएको छ । यसैगरी हामीले संवैधानिकरूपमा नै संघ र प्रदेशको सभामा ३३ प्रतिशत महिलाको सहभागितालाई सुनिश्चित गरेका छौं । नेपालले निर्वाचनमा जनताको सहभागिता वृद्धि गराउँदै स्वतन्त्र र स्वच्छ निर्वाचनको वातावरण निर्माणमा सुधारलाई निरन्तरता दिँदै आएको छ', प्रधानमन्त्रीले आफ्नो सम्बोधनका क्रममा भने ।

मुद्दा...

सहयोग गर्नुपर्ने भन्दै कोषका कर्मचारी र पदाधिकारीहरूलाई आयोगका कर्मचारीहरूले बार्गेनिङ गर्नेगरेकोमा कोषका कर्मचारीहरूले बेवास्ता गरेपछि मुद्दा लगाउन लागिएको भनी अख्तियारले घुस मागेको भनेर गम्भीर आरोप लगाएका छन् । तर, उनले माइन्युटमा सच्याएर बाँकी रहेको ११ किलो सुन पेटी र पेच बनाएर जलहरीमा अर्पण गरियो भन्ने कुराको बारेमा कँहीकतै उल्लेख गरेका छैनन् । तर, दर्जनौं बेथितिहरु रहेको पशुपति क्षेत्रमा पार्किङमा अनियमितता भएको भनेर अख्तियारमा भदौ ११ गते उजुरी परेको थियो । मासिक तीन लाख रूपैयाँ भाडामा लगाइएको पार्किङको २२ महिनासम्म दोब्बर शुल्क उठाउन दिई कोषमा एक रूपैयाँ पनि जम्मा नगराएको अवस्थामा ठेक्का रद्द नगरी राजस्वसमेत छली गरेको देखियो । उक्त कम्पनीमा आन्तरिक राजस्व विभागले छापा मारी ५४ लाख रूपैयाँ भ्याट र २९ लाख रूपैयाँ आयकर छली गरेको भनी कर निर्धारण समेत गरेको थियो । सोसम्बन्धी कागजात अख्तियारले नियन्त्रणमा लगिसकेपछि गतहप्ता सदस्यसचिव थापा मुम्बई जानुअघि हतार-हतार कोषको बैठकले उक्त पार्किङ ठेक्का रद्द गरेको थियो । ठेक्का रद्द भए पनि भदौ ३० गतेसम्म सोही ठेकेदारले पार्किङ शुल्क उठाइरहेको थियो । उक्त पार्किङको मात्र होइन पशुपति परिसरमा नै रहेको अजय सुमार्गीले बनाइदिएको सुमार्गी भवनको पनि मासिक तीन लाख रूपैयाँ भाडामा दिएकोमा २०७२ सालदेखि हालसम्म जम्मा २६ लाख रूपैयाँ मात्र असुल भएको अवस्था छ ।

पार्किङको ठेक्कामा २० लाख रूपैयाँ तिर्न बाँकी रहेका विवादास्पद ठेकेदार सुनिल वैद्यको कम्पनी अहेड ट्रेड लिंकले २०७७ सालमा ठेक्काको म्याद सकिएको अवस्थामा पुरानो बक्यौता तिर्न बाँकी हुँदाहुँदै तत्कालीन सदस्यसचिव डा. प्रदिप ढकाल र तत्कालीन कोषाध्यक्ष हालका सदस्यसचिव डा. थापा र कार्यकारी निर्देशक डा. घनश्याम खतिवडालाई खुसी पारी ठेक्का नवीकरण गरेका थिए । यो विषयमा समेत अख्तियार दुरूपयोग अनुसन्धान आयोगले विस्तृत अनुसन्धान गरिरहेको छ । स्मरण रहोस्, यसअघिका सदस्यसचिव डा. प्रदिप ढकाललाई अख्तियारले अकुत सम्पत्तिको मुद्दामा विशेष अदालतमा मुद्दा दायर थियो । भ्रष्टाचारविरूद्ध सरकार, सदन सबै एक ठाउँमा रहेको अवस्थामा सदस्य सचिव डा. थापाले यी काण्डहरूबाट मलाई बचाइदेऊ भनी संसद् सचिवालयमा गरेको निवेदन यसअघि उनले संसदीय समितिमा गरेको रोदनभन्दा भिन्न छैन ।

नेपालको...

व्यापार र सेवा क्षेत्रमा विस्तार हुनसके अर्थतन्त्र थप सुदृढ हुँदै जाने ठानिएको छ । यस वर्ष समयमा पानी पर्न नसकेका कारण पूर्वी तराईका जिल्लामा धान रोपाइँ ढिलो भएको थियो । यसले कृषि उत्पादन घट्न सक्नेतर्फ एडीबीले संकेत गरेको छ । त्यस्तै, पशु चौपायामा देखिएको लम्पी स्किन रोगका कारण पनि अर्थतन्त्रमा केही नकारात्मक प्रभाव देखिने पनि प्रतिवेदनमा उल्लेख छ ।

अहिले नेपालको अर्थतन्त्रमा बाह्य क्षेत्र जोखिम घट्दै गएको एडीबीको भनाइ छ । आयातमा केही कडाइ गर्नेगरी राष्ट्र बैंकले मौद्रिक नीतिमा केही व्यवस्था गरेपछि विदेशी मुद्रा सञ्चिति बढेर बाह्य क्षेत्र सन्तुलनमा आएको थियो । स्थिर विप्रेषण आप्रवाह र चर्को आयातका बीच सरकारको चालू खाताघाटा सन् २०२४ मा जीडीपीको एक दशमलव आठ प्रतिशत बराबर पुग्ने अनुमान एडीबीको छ ।

एसिया प्रशान्त क्षेत्रको आर्थिक वृद्धिदर सन् २०२३ मा चार दशमलव सात प्रतिशत र सन् २०२४ मा चार दशमलव आठ प्रतिशत रहने अनुमान एडीबीको छ । त्यस्तै यो क्षेत्रको मुद्रास्फीति सन् २०२२ मा चार दशमलव चार प्रतिशत रहेकोमा सन् २०२३ मा तीन दशमलव छ प्रतिशत र सन् २०२४ मा तीन दशमलव पाँच प्रतिशत अनुमान गरिएको छ ।

आन्तरिक माग बढ्दै गएको, पर्यटन क्षेत्र लयमा फर्किन थालेको लगायतका कारण एसिया र प्रशान्त क्षेत्रमा अर्थतन्त्रको अवस्था सुधारोन्मुख रहेको एडीबीले जनाएको छ । यद्यपि उच्च ब्याजदर र खाद्य सुरक्षाको चुनौती भने कायमै रहेको प्रतिवेदनमा उल्लेख छ । रासस

संविधान...

सहमति गर्नुपर्ने अवस्था सिर्जना भएको छ ।

लामो समयको भारत बसाइपछि स्वदेश फर्किएका जसपाका अध्यक्ष उपेन्द्र यादवले गतसाता विराटनगरमा तत्काल संविधान संशोधन गर्नुपर्ने अभिव्यक्ति दिएका थिए भने अन्य मधेशी दलहरूले पनि संविधान संशोधन गर्नुपर्ने माग राख्दै आएका छन् तर साना क्षेत्रीय दलहरूले माग गर्दैमा संविधान संशोधनको प्रस्ताव पारित हुने अवस्था छैन र त्यसका लागि एमालेको समर्थन अनिवार्यजस्तै रहेको छ । तर, एमालेले नेतृत्वलाई विश्वासमै नलिई प्रधानमन्त्री प्रचण्ड र भारतीय प्रधानमन्त्री मोदीको सत्तास्वार्थमा एमालेले संविधान संशोधन नगर्ने अध्यक्ष ओलीको स्पस्ट अभिव्यक्तिले प्रचण्डको मिसनमै धक्का लाग्न पुगेको छ । प्रचण्डको त्यही मिसनलाई सहयोग पुऱ्याउन नेपाली कांग्रेसका सांसद एवं बीपीपुत्र डा. शशांक कोइरालाले गतसाता पाँचै वर्ष प्रचण्ड प्रधानमन्त्री रहने उनीहरूको मनोबोली बोलेका थिए । सहमतिविना संविधान संशोधन हुन नसक्ने र अर्कोसँग गरेको सहमति कार्यान्वयन गर्न आफूलाई कर नलाग्ने ओलीको अभिव्यक्तिपछि यो विषय झन् कसिलो र पेचिलो बन्न पुगेको छ । भारतीय पक्षले सन् २०२३ भित्रै यो मुद्दा किनारा लगाएर अगामी वर्ष अप्रिलमा हुने निर्वाचनमा यसलाई उपलब्धिको मुद्दा बनाउन चाहेको नहोला भन्ने अवस्था पनि देखिँदैन, तर त्यसमा एमालेले लगाएको तगारो कसरी खोलिने हो, त्यो हेर्न केही समय कुर्नुपर्ने भएको छ ।

आज विश्व शान्ति दिवस

काठमाडौं, ३ असोज

आज विश्वभर अन्तर्राष्ट्रिय शान्ति दिवस मनाइँदै छ । ।

संयुक्त राष्ट्र संघको महासभाले सन् १९८१ मा हरेक वर्ष सेप्टेम्बर २१ को दिनलाई विश्व शान्ति दिवसका रूपमा मनाउने निर्णय गरेको थियो । त्यसपछि हरेक वर्ष संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रले यो दिवस मनाउँदै आएका छन् । नेपालमा पनि विभिन्न कार्यक्रम गरी आज यो दिवस मनाइँदै छ ।

यस वर्षको विश्व शान्ति दिवसको नारा 'एक्सन फर पिस : आवर एम्बिसिन फर द ग्लोबल गोल्स' रहेको छ । शान्ति कायम गर्नु व्यक्तिगत र सामूहिक उत्तरदायित्व रहेको उल्लेख गर्दै संयुक्त राष्ट्र संघले शान्ति प्रवर्द्धनबाटै दिगो विकास लक्ष्य प्राप्त गर्न मद्दत पुग्ने जनाएको छ ।

संयुक्त राष्ट्र संघीय मानव अधिकारसम्बन्धी घोषणा जारी भएको पनि ७५ वर्ष पुगेको छ । अहिले अन्तर्राष्ट्रिय कानुनको अभिन्न अङ्गका रूपमा पनि शान्तिको अधिकार स्थापित भएको छ । सेप्टेम्बर २१ लाई विश्व समुदायले 'अल्जाइमर्स डे'का रूपमा पनि मनाउँदै आएको छ ।

नेपाल पराजित

काठमाडौं, ३ असोज : १९औं एसियाली खेलकुद प्रतियोगिताअन्तर्गतको पुरूष भलिबल खेलमा नेपाल इरानसँग पराजित भएको छ ।

चीनमा भएको उक्त प्रतियोगितामा नेपाल इरानसँग ३-० को साझो सेटमा पराजित भएको हो । यससँगै नेपाल लगातार दोस्रो हार बेहोर्दै प्रतियोगिताबाट बहिरिएको छ । हिजो भएको पहिलो खेलमा नेपाल बहराइनसँग ३-१ को सेटमा पराजित भएको थियो

आज भएको खेलमा नेपाल इरानसँग ९-२५, १४-२५, र १३-२५ ले पराजित भयो । एसियाली खेलकुदको औपचारिक उद्घाटन भने यही असोज ६ गते हुनेछ । उद्घाटनअघि भलिबल, फुटबल र क्रिकेट खेल हिजोदेखि नै सुरू भइसकेका छन् ।

सूचना

Shree Siddhi Vinayak Electronics ले आफ्नो खुद्रा अधिकतम बिक्री मूल्य कायम गरी प्रकाशित गरेको छ ।

MRP FOR LYNEX REFRIGERATOR

S.N	Product	Brand	Country of Origin	Model No.	MRP Per Unit
1	Refrigerator	Lynex	China	LRF - 110	19,500

Note : All Prices are inclusive of VAT PAN No: 603832736

Shree Siddhi Vinayak Electronics
Kuleshwor, Kathmandu

कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८०/०६/०४

यस कम्पनीको मिति २०८०/०४/०८ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार साबिकको कम्पनी **प्रिन्स इन्जिनियरिङ्ग एण्ड कन्ट्र्याक्टिङ्ग प्रा.लि.** (प्रा.लि.नं.३१२२४५) को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०४/०९ को निर्णयअनुसार कम्पनीको नाम परिवर्तन गरी **प्रिन्स इन्जिनियरिङ्ग एण्ड कन्ट्र्याक्टिङ्ग कम्पनी प्रा.लि.** कायम गरिएको जानकारी गराइन्छ ।

कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित सुचना मिति : २०८०/०६/४

यस कम्पनीको मिति २०८०/०५/२६ मा सम्पन्न वार्षिक/विशेष साधारणसभाको निर्णयानुसार साविकको कम्पनी **ग्लोबल स्कलर प्रा.लि.**(प्रा.लि.नं.२८९९६७) को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०५/२९ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **एक्स्ट्राटेक एजुकेशन फाउन्डेशन नेपाल प्रा.लि.** कायम गरिएको जानकारी गराइन्छ ।

हस्पिटल फर एडभान्स्ड मेडिसिन एण्ड सर्जरी लिमिटेड

बुढानिलकण्ठ न.पा. ९, काठमाडौं।

आर्थिक वर्ष २०७९/०८० को वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस हस्पिटल फर एडभान्स्ड मेडिसिन एण्ड सर्जरी लि. को मिति २०८०।६।१ गते बसेको संचालक समितिको बैठकको निर्णय तथा कम्पनीको स्वीकृत नियमावलीको नियम १८(३) बमोजिम २१ दिन अगावै शेयरधनीहरूलाई वार्षिक साधारण सभाको सूचना दिनु पर्ने व्यवस्था बमोजिम यस कम्पनीको आर्थिक वर्ष २०७९/०८० को वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा बस्ने तथा उक्त सभामा निम्न बमोजिमका प्रस्तावहरू छलफलको लागि प्रस्तुत हुने व्यहोरा सम्पूर्ण शेयरधनीहरूलाई सूचित गरिन्छ ।

सभा हुने :
मिति :२०८०।६।२६ गते शुक्रबार ।
समय :दिनको २:०० बजे ।
स्थान :कम्पनीको कार्यालय का.जि. बुढानिलकण्ठ न.पा. वडा नं. ५

छलफलका विषयहरू :
(१) सामान्य प्रस्तावः
(क) आ.व. २०७९/८० को संचालक समितिको वार्षिक प्रतिवेदन सम्बन्धमा ।
(ख) आ.व. २०७९/८० लेखापरिक्षकको प्रतिवेदन सहितको वित्तिय विवरणहरू सम्बन्धमा ।
(ग) कम्पनीको आ.व. २०८०/८१ को हिसाब लेखापरिक्षण गर्न लेखापरिक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
(घ) बोनश शेयर वितरण सम्वन्धमा ।
(ङ) संचालक समितिको गठन सम्वन्धमा ।
(२) विशेष प्रस्तावः
(क) कम्पनीको प्रबन्धपत्र र निमायवली संशोधन सम्वन्धमा ।
(ख) IPO निष्काशन सम्वन्धमा ।
(ग) कम्पनीको प्रबन्धपत्र र नियमावली संशोधन तथा IPO निष्काशन सम्वन्धमा संचालक समितिलाई अख्तियारी सम्वन्धमा ।
(३) विविध ।

HAMS HOSPITAL
Evidence Based Medicine
ISO 9001:2015 Certified
SINCE 1997

हस्पिटल फर एडभान्स्ड मेडिसिन एण्ड सर्जरी लिमिटेड
(दर्ता नं.३१५००८)
का.जि. बुढानिलकण्ठ न.पा. वडा नं. ५

नमोबुद्ध नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

भकुण्डेवेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशन मिति : २०८०/०६/०४

यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमको कार्य गर्नुपर्ने भएकोले इच्छुक फर्म, कम्पनिले यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे भित्र e-bid मार्फत बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । विस्तृत विवरण सहितको सूचनाको लागि www.bolpatra.gov.np/egp, तथा यस कार्यालयको वेबसाईट www.namobuddhamun.gov.np मा हेर्न सकिनेछ ।

तपसिलः

ठेक्का नं.	कार्यको विवरण	लागत रकम	धरौटी रकम	दरभाउपत्र दस्तुर
NMUN/NCB/GOODS/ 2080/081-01	Supply and Delivery of Medicine	रु. ४०,०१,७८९।४८	रु. १२०,०००	रु.३,०००

प्रमुख प्रशासकीय अधिकृत

महाङ्काल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

गोटीखेल, ललितपुर
बागमती प्रदेश, नेपाल

क्याटलग सपिङ्ग विधिबाट व्याक हो लोडर खरिद सम्बन्धी सूचना

सूचना नं : खरिद/BK_HO_LDR/2080/081/002
प्रथम पटक प्रकाशित मिति : २०८०/०६/०४

यस गाउँपालिकालाई आवश्यक तपसिल अनुसारको व्याक हो लोडर सार्वजनिक खरिद ऐन र नियमावलीमा व्यवस्था भए बमोजिम उत्पादन कम्पनी वा सो को आधिकारिक बिक्रेताहरु वीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ) विधिबाट खरिद गर्नुपर्ने भएकोले ईच्छुक इजाजत प्राप्त उत्पादक कम्पनी वा आधिकारिक बिक्रेताहरुलाई तोकिए बमोजिमका कागजातहरु सहित तपसिल बमोजिमको व्याक हो लोडरको आधिकारिक स्पेसिफिकेशन, गुणस्तर, मूल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले १६ औ दिनको १२:०० बजे सम्म यस कार्यालयमा रितपूर्वक शिलवन्दी निवेदन दर्ता गराउन आह्वान गरिएको छ । यस सम्बन्धी विस्तृत सूचना यस कार्यालयको सूचना पाटी तथा www.mahankalmun.gov.np मा समेत हेर्न सकिनेछ ।

तपसिल :

क्र. स.	ठेक्का नं.	सवारी साधनको विवरण	सक्षिप्त विवरण	परिमाण	कैफियत
१	MRM/BK_HO_ LDR/01/2080/081	व्याक हो लोडर	व्याक हो लोडर	१ (एक)	सक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत प्राविधिक स्पेसिफिकेसन बमोजिम हुने छ ।

प्रमुख प्रशासकीय अधिकृत

माउण्ट कैलाश इनर्जी कम्पनी लिमिटेड

का.जि., का.म.न.पा., वडा नं. १५, सानोभन्याङ्ग, काठमाण्डौं
को

सातौं र आठौं बार्षिक साधारण सभा सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति : वि.सं. २०८०/०६/०४)

यस कम्पनीको गत मिति विक्रम् सम्वत् २०८० साल भदौ महिनाको ८ गते शुक्रवारका दिन सम्पन्न भएको संचालक समितिको बैठकले गरेको निर्णयानुसार यस कम्पनीको आ.व. २०७८/०७९ र २०७९/०८० को क्रमशः सातौं र आठौं संयुक्त वार्षिक साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा आयोजना गरिने भएकोले उक्त सातौं र आठौं संयुक्त वार्षिक साधारण सभामा सहभागिताको लागि कम्पनीका सम्पूर्ण शेयरधनी महानुभावज्यूहरुलाई यो सूचना प्रकाशित गरिएको छ । शेयरधनी महानुभावहरुलाई कम्पनीबाट व्यक्तिगतरुपमा आवश्यक सूचित गराइएकोमा सो जानकारी प्राप्त हुन नसकेमा यसै सूचनालाई आधिकारिक जानकारीको रुपमा ग्रहण गरि उक्त वार्षिक साधारण सभामा सहभागी भइ दिनुहुन हार्दिक निमन्त्रणा गर्दछौं ।

मिति : विक्रम सम्वत् २०८० साल असोज महिनाको २४ गते बुधवार (11th October 2023; Wednesday) ।
समय : बिहान ११:०० बजेदेखि १:०० बजेसम्म ।
स्थान : क्वालिटी क्याफे एण्ड व्याङ्केट, ठूलोभन्याङ, स्वयम्भू, काठमाण्डौं-१५ ।

छलफल हुने बिषय :
१. आ.ब. २०७८/०७९ र २०७९/०८०को संचालक समितिको वार्षिक प्रतिवेदन माथि छलफल र स्वीकृति ।
२. आ.ब. २०७८/०७९ र २०७९/०८०को लेखा परीक्षण प्रतिवेदन, आय-व्यय विवरण र बासलात माथि छलफल र स्वीकृति ।
३. आगामी आ.ब. २०८०/०८१ को लागि लेखापरीक्षक नियुक्ति र लेखापरीक्षकको पारिश्रमिक तोक्ने बारे ।
४. आ.ब. २०७८/०७९ र २०७९/०८० मा सञ्चालक समितिले गरे भएका निर्णयहरुलाई अनुमोदन गर्ने ।

विशेष प्रस्ताव :
५. सञ्चालक समितिका सदस्यहरु (Board of Directors) को संरचना परिवर्तन गर्ने सम्बन्धमा ।
६. पुँजी संरचना परिवर्तन गर्ने सम्बन्धमा ।
७. सार्वजनिक शेयर निष्काशन (IPO) गरि पुँजी बृद्धि गर्ने सम्बन्धमा ।
८. सार्वजनिक शेयर निष्काशन (IPO) गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
९. विविध ।

पुनश्च : यस सातौं र आठौं संयुक्त वार्षिक साधारण सभा आयोजना हुनुभन्दा पहिले नै यस कम्पनीका शेयरधनी महानुभावज्यूहरुले यस कम्पनीको बार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, लेखा परीक्षण प्रतिवेदन, कम्पनी ऐनको दफा ७८ को विवरण समेतका कागजातहरु हेर्न चाहनु भएमा काठमाण्डौं जिल्ला, का.म.न.पा., वडा नं. १५, सानोभन्याङ्ग, काठमाण्डौंस्थित कम्पनीको पञ्जिकृत (रजिष्टर्ड) कार्यालयमा सम्पर्क गर्न हुन जानकारी गराइन्छ ।